दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काठमाडौं
विनियोजन ऐन, २०७७/७८

दक्षिणकाली नगरपालिका, काठमाडौं को आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभामा पेश मिति : २०७७/०३/३१

प्रारम्भिक

प्रस्तावना:- दक्षिणकाली नगरपालिका, फर्पिङ, काठमाडौंको आ.व.२०७७/७८ को सेवा र कार्यहरुको लागी संचितकोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) वमोजिम दक्षिणकाली नगरपालिका, फर्पिङ, काठमाडौंको नगरसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "दक्षिणकाली नगरपालिकाको विनियोजन ऐन २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७७/७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागी अनूसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि **जम्मा रु.८४,१२,१३,२९०/- (चौरासी करोड ,वाह्र लाख ,तेह्र हजार, दुई सय नव्वे)** मात्र नवढाई निर्दिष्ट गरे वमोजिम संचितकोषबाट सार्न सकिने छ।

३. विनियोजन: (१) यस ऐनद्वारा संचितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त दक्षिणकाली नगरपालिका, नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए पनि कार्यपालिका, वडा समिति र विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ ।

यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तरगत साँवा भूक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भूक्तानी शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन तर चालू तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

मोहन बस्नेत
नगर प्रमुख

(३) चालु आ.व.२०७६/७७ मा दक्षिणकाली नगरपालिकाको प्रशासनिक खर्च संचालनका केहि शिर्षकहरुमा विनियोजित रकम अभाव भएकोमा चालू तथा पूँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा श्रोतान्तर गरिएको र नपुग भएको खर्च शिर्षकहरुमा गरिएको रकमान्तर यस दक्षिणकाली नगरपालिकाको पाचौ नगरसभाले श्रोतान्तर र रकमान्तर समर्थन गरेको छ ।

(४) चालु आ.व.२०७६/७७ मा गत आ.व.२०७५/७६ को भूक्तानी बाकी कच्चावारी फाराम भरेर भूक्तानी माग गरिएको साथै सो फाराम भर्न छुटी यस आ.व.२०७६/७७ मा भूक्तानी गरिएकोमा ति सवै भूक्तानीहरु यस नगरसभाले समर्थन गरेको छ ।

(५) माथि उल्लेखित उपदफा नं.१, २, ३ र ४ मा जुनसुकै कुरा उल्लेखित भएपनि कोरोनाको कारणले विकास निर्माणको योजना तथा कार्यक्रमहरु संचालन हुने स्थिति नरहेमा, यस दक्षिणकाली नगरपालिकाको कोरोना कोषमा विभाजन गरेको रकमले पनि सो महामारी रोक्न रकम अभाव हुने देखिएमा कार्यपालिकाको निर्णय वमोजिम दक्षिणकाली नगरपालिकाको प्रशासनिक खर्च वाहेकको योजना तथा कार्यक्रमहरु चयन गरि कुनै एक वा एक भन्दा वढी वा सवै योजना तथा कार्यक्रमको विनियोजित रकम रकमान्तर तथा श्रोतान्तर गरि कोरोना कोष संचालन गरिनेछ ।

(६) यस आर्थिक वर्षमा संचालन गरिने कुनै पनि योजना तथा कार्यक्रम सम्झौता नगरि संचालन भएमा त्यसको व्ययभारको जिम्मेवारी सोहि पक्ष हुनेछ । यस प्रकारको सम्झौता वेगर भूक्तानी माग हुन आएमा भूक्तानी भएमा नगरसभा जिम्मेवारी हुने छैन ।

(७) अनुसुची १ मा उल्लेख भए वमोजिम आन्तरिक आय संकलन हुन नसक्ने स्थिती कोरोनाको संक्रमणको कारण आएमा र उल्लेखित सवै योजना तथा कार्यक्रम संचालन हुने भएमा FIFO METHOD अनुसार पहिल्यै कार्य सम्पन्न गरि आउनेले पहिले भूक्तानी पाउने र पछि विनियोजित वजेट अभाव भए भूक्तानी माग गर्नेलाई अर्को आर्थिक वर्षमा गएर भूक्तानी दिइने छ । यस चालु आ.व. मा भएको घाटा वजेटको पूर्ति आ.व.२०७८\७९ को वजेट निर्माणमा सर्वप्रथम कट्टी गरिनेछ ।

३. कार्यक्रम संचालन :- (१) दक्षिणकाली नगरपालिकाको पाचौं नगरसभाले तय गरेका कार्यक्रम संचालनको लागी विषयगत शाखाहरुले संचालन गर्ने कार्यक्रमहरुको लागी विभागिय नम्स र अन्य कार्यक्रमहरुको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको चालु कार्य संचालन निर्देशिका वमोजिम खर्च गरिनुपर्दछ । सो कार्य संचालन निर्देशिकामा छुटेका क्रियाकलापको हकमा मात्रै यस दक्षिणकाली नगरपालिकाले निर्माण गरेको कार्यसंचालन कार्यविधिमा उल्लेख गरे वमोजिम हुनेछ । खर्चको मापदण्ड

नगर प्रमुख

नाघेर खर्च लेखि आएमा त्यसको असुल उपर सो कार्यक्रम संचालन गर्ने कर्मचारी व्यक्ति वा संस्थासंग महालेखा परीक्षकको कार्यालयले तोके वमोजिम हुनेछ ।

मोहन बस्नेत
नगर प्रमुख

दक्षिणकाली नगरपालिका				
२०७७/७८ को राजश्व अनुमान				
अनुसूचि १				
क्र.सं.	शिर्षक	आय तर्फ	रकममा	कैफियत
१	संघिय अनुदान	**कुल**	३०७,५००,०००.००	
		वित्तिय समानिकरण	१०४,२००,०००.००	
		शशर्त अनुदान	१८१,७००,०००.००	
		समपुरक अनुदान	९,६००,०००.००	
		विशेष अनुदान	१२,०००,०००.००	
२	प्रदेश अनुदान	**कुल**	४३,९८२,०००.००	
		वित्तिय समानिकरण	१०,०७४,०००.००	
		शशर्त अनुदान	१३,९०८,०००.००	
		समपुरक अनुदान	२०,०००,०००.००	
		विशेष अनुदान	-	
३	अन्तर सरकारी हस्तान्तरण	**कुल**	४२,३५६,५७८.००	
		महानगरपालिका	१०,०००,०००.००	
		लघु विद्यूत	३,०००,०००.००	
		फुटवेयर	२९,३५६,५७८.००	
४	राजश्व वाडफाँड	**कुल**	१४५,९७८,२१०.००	
		बाडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्दि कर संघिय सरकार	५९,५९८,२१०.००	
		सवारी साधन कर प्रदेश सरकार	१६,३८०,०००.००	

मोहन
नगर प्रमुख

		घरजग्गा मालपोत कर प्रदेश सरकार	७०,०००,०००.००	
५	आन्तरिक आय	**कुल**	३०१,३९६,५०२.००	
		सिफारिस तथा दस्तुर वडा र न.पा. समेत	४०,१५०,०००.००	
		राजश्व ठेक्का	४५,०५४,७६३.००	
		यस आ.व.को वैंक मौज्दात	२०६,१९१,७३९.००	
		क्षेत्र प्रवन्ध शाखा	१०,०००,०००.००	
कुल जम्मा			८४१,२१३,२९०.००	

नगर प्रमुख

दक्षिणकाली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुमानित व्यय

क्र.सं.	शिर्षक	व्ययतर्फ	रकममा	कैफियत
१	नगरपालिका प्रशासनिक खर्च	चालु	९४५०००००	
२		पूँजिगत	६००००००	
३	शशर्त अनुदान फिर्ता	संघिय	१८१७०००००	
४		प्रदेश	१३९०८०००	
५	समपुरक फिर्ता	संघिय	९६०००००	
६		प्रदेश	२०००००००	
७	विशेष अनुदान फिर्ता	संघिय	१२००००००	
८	वडा कार्यालय राजश्व फिर्ता	१-९ वडा सम्म	३००००००	
९	वडा स्तरिय योजना	१-९ वडा सम्म	६७५०००००	
१०	क्रमागत योजना	वडास्तरिय	७१८५०००	
११		नगरस्तरिय	७३०९३७१२	
१२	अन्तर सरकारी हस्तान्तरण	महानगरपालिका	१०००००००	
१३		लघु विद्युत	३००००००	
१४		फुटवेयर	२९३५६५७८	
१५	विभाज्यकोष फिर्ता	४०.००%	८००००००	

मोहन बस्नेत
नगर प्रमुख

नगर प्रमुख

१६	माग भए वमोजिमका योजना	१-९ वडा सम्म	८८०३००००	
१७	नगरस्तरिय योजना	नगर	८६६५००००	
१८	विषयगत शाखाको योजना	नगर	६६०९००००	
१९	समपुरक कोष	नगर	२९६०००००	
२०	मर्मत संभार कोष	नगर	१००००००	
२१	प्रकोप व्यवस्थापन कोष	नगर	१००००००	
२२	क्षेत्र प्रवन्ध शाखा	क्षेत्र प्रवन्ध शाखा	१००००००	
२३	गत आ.व.को भूक्तानी वाकी	वडा र नगर	२०००००	
	कुल जम्मा व्यय		८४१२१३२९०	

मोहन बस्नेत
नगर प्रमुख